# बजेट वक्तव्य
## आर्थिक वर्ष २०८३/८४

पुतलीबजार नगरपालिका
प्रगतिनगर, स्याङ्जा

पुतलीबजार नगरपालिका

**पुतलीबजार नगरपालिकाको**

**१९ औं नगर सभामा**

नगर उप- प्रमुख श्री देवी अर्यालज्यूद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य

**पुतलीबजार नगरपालिका**

**स्याङ्जा**

**२०८३ असार, १०**

पुतलीबजार नगरपालिका

**आदरणीय नगर सभाका सभाध्यक्षज्यू**

**नगर सभा सदस्यज्यूहरु,**

पुतलीबजार नगरपालिकाको दिगो विकास, जनचाहना र संघीय लोकतान्त्रिक गणतन्त्रले सुम्पिएका जिम्मेवारीहरू पूरा गर्ने प्रतिबद्धता सहित स्थानीय तहको दोस्रो कार्यकालमा निर्वाचित भएको पनि पाँचौ वर्षमा प्रवेश गर्दै गर्दा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार क्षेत्र भित्र रही यस गरिमामय सभामा आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित भएको छु ।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र र संघीयताको स्थापना, मानवअधिकारको रक्षा र नागरिक स्वतन्त्रताको संरक्षणका लागि विभिन्न कालखण्डमा भएका जन आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु । यसका साथै प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्ने सबै राजनीतिक दलका आदरणीय नेतृत्व र आन्दोलनमा सहभागी सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

आगामी वर्ष २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा आवश्यक राय, सल्लाह एवम् सुझाव दिनुहुने संघ तथा प्रदेश सरकारका माननीयज्यूहरु, यस सभाका निर्वाचित जनप्रतिनिधिज्यूहरु सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, आम नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु र राष्ट्रसेवामा अहोरात्र खटिनु भएका कर्मचारी मित्रहरु प्रति आभार व्यक्त गर्दछु ।

आर्थिक वर्ष ०८३/८४ को लागि प्रस्तावित बजेट तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन साथै बजेट तर्जुमा गर्दा अबलम्बन गर्नुपर्ने अन्य प्रचलित ऐन, नियम, मापदण्ड र मार्गदर्शनको पालना गरिएको छ ।

**सभाध्यक्षज्यू**

**नगर सभा सदस्यज्यूहरु,**

अब म, नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्त सम्मको संक्षिप्त आय व्ययको प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आर्थिक वर्ष २०८२/८३ को लागि नगरपालिकाको आफ्नो आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्व एवम् रोयल्टीको रकम, तथा समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक र विषेश अनुदान समेत गरी कुल **१ अर्ब ६ करोड ९९ लाख ११ हजार १ सय ९६** आय प्रस्ताव गरिएकोमा संघ सरकारबाट सशर्त अनुदानतर्फ यस नगरपालिकाको मागबमोजिम मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका

बिरामीहरूलाई औषधी उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम रु. ३५ लाख थप भई कुल संसोधित अनुमान **१ अरब ७ करोड ३४ लाख ११ हजार १ सय ९६ कायम भएको छ।**

**चालु आर्थिक वर्षको** जेठ मसान्तसम्म कुल आय अनुमानमध्ये **८८ करोड १५ लाख** ४७ **हजार ६ सय २२ रुपैयाँ** अर्थात **८२ दशमलब एक दुई** प्रतिशत बराबरको लक्ष्य प्राप्त भएको छ । प्राप्त भएको आयमा संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको सशर्त अनुदान समेत समावेश भएको छ । आर्थिक वर्षको समाप्तिसँगै खर्च नभई बाँकी रहेको सशर्त अनुदान रकम सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने कानुनी प्रावधान रहेको विषय सभाध्यक्षमार्फत नगरसभा सबै सदस्यलाई जानकारी गराउँदछु।

चालु खर्चतर्फ कुल **६३ करोड** ४ **लाख ७४ हजार १ सय ९६** रुपैंया व्यय अनुमान गरिएकोमा जेठ मसान्त सम्ममा ४४ **करोड ७१ लाख ८२ हजार ३ सय** ४८ अर्थात **७० दशमलब नौ तीन** प्रतिशत खर्च भएको छ भने पुँजीगत तर्फ कुल ४४ **करोड २९ लाख ३७ हजार** व्यय अनुमान गरिएकोमा १३ **करोड ५२ लाख ६७ हजार १ सय रुपैंयाँ** अर्थात **३० दशमलब पाँच चार** प्रतिशत गरी औषतमा ५४ दशमलब **दुई छ** प्रतिशत प्रगति हासिल भएको छ।

विगत वर्षमा जस्तै चालु आर्थिक वर्षमा पनि संघीय सरकारवाट प्राप्त हुने समानीकरण अनुदान र बाँडफाँड भई प्राप्त हुने राजश्व लक्ष्य अनुसार प्राप्त नहुने अवस्था देखिएको छ । नगरपालिकाको आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणमा लक्ष्य अनुसार प्रगति हुन नसक्दा चालु आर्थिक वर्षका योजना तथा कार्यक्रम सम्पन्न गर्न थप चुनौतीपूर्ण देखिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ मा हामीले बहुवर्षीय आयोजनामा बजेट विनियोजन गरिएकोमा केही आयोजनाहरु कार्यान्वयनकै चरणमा रहेको हुँदा आगामी आर्थिक वर्ष २०८३/८४ मा कायम हुने कुल बजेट सिलिङबाट चालु वर्षमा सञ्चालित बहुवर्षीय आयोजनाहरुलाई सम्पन्न गर्न क्रमागत योजनाका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएको छ। तसर्थ आर्थिक वर्ष ०८३|०८४ को कुल प्रस्तावित अनुमानमा आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणको लक्ष्य अनुसार प्रगति हुन नसकेमा आगामी आर्थिक वर्षका लागि यस १९ औं नगरसभाबाट प्रस्तावित योजना तथा कार्यक्रम सोही बमोजिम हुने गरी आगामी पौषमा हुने २० औं नगरसभाबाट स्रोत सुनिश्चितता तथा समायोजन गरेर मात्र प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिने छ।

**सभाध्यक्ष ज्यू ,**

**नगर सभाका सदस्यज्यूहरु**

अब म, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्दा लिएका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

- नेपालको संविधान, २०७२

- स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- प्रचलित संघीय तथा प्रदेश कानूनहरु,
- संघीय तथा प्रदेश सरकारले लिएका नीति,कार्यक्रम र बजेट वक्तव्य,
- दिगो विकासका लक्ष्यहरु,
- नेपाल सरकारको १६ औं आवधिक योजना,
- पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना,
- नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम,
- संघ तथा प्रदेश सरकारका माननीयज्यूहरु,विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यू, स्थानीय बुद्धिजीवि, टोल विकास संस्था विषय विज्ञहरुको राय, सल्लाह, सुझाव समेतलाई मूल आधारका रुपमा लिइएको छ।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु**

आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित बजेटका उद्देश्य तथा प्राथमिकता देहाय बमोजिम रहेका छन्:

**<u>उद्धेश्यहरुः</u>**

१. स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्ने,

२. स्थानीय रोजगारी सिर्जना गरी गरिबी निवारणमा योगदान गर्ने,

३. पूर्वाधार विकासलाई दिगो र सुव्यवस्थित बनाउने,

४. स्थानीय लोक संस्कृति तथा पर्यटन प्रवर्द्धन गर्ने,

५. सार्वजनिक खर्चमा पारदर्शिता,मितव्ययिता कायम गर्दै सुशासन र प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने।

**<u>प्राथमिकताहरुः</u>**

क) दिगो पूर्वाधार विकासमा जोड दिंदै अधुरा तथा क्रमागत आयोजनाहरु सम्पन्न गर्ने।

ख) कृषि, पशुपालन व्यवसाय प्रवर्द्धनमार्फत आर्थिक विकासमा योगदान गर्ने।

ग) शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने।

घ) सार्वजनिक सेवा प्रवाहलाइ गुणस्तरीय, पारदर्शी, र प्रविधिमैत्री बनाई सुशासन प्रवर्द्धन गर्ने।

ङ) वातावरण संरक्षण, विपद् व्यवस्थापन र फोहोरमैला व्यवस्थापन, लाई प्रभावकारी बनाउने ।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु,**

पुतलीबजार नगरपालिका

अब म, आर्थिक वर्ष २०८३/८४ को विषय क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क) आर्थिक विकास तर्फ :-

१. प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन, कृषिमा यान्त्रीकरण र साना सिचाईं कार्यक्रम, माटो परीक्षण, एक वडा एक नर्सरी, किसान सूचीकरण, कार्यक्रम लगायत अन्य विभिन्न कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

२. पशुपन्छी विकासतर्फ पशु स्वास्थ्यमा सुधारका लागि कृषकहरुलाई निःशुल्क औषधी वितरण, पशुपालन प्रवर्द्धन, कृत्रिम गर्भाधान, पशु स्वास्थ्य शिविर, रेविज लगायतका रोग विरुद्दको खोप, सुरक्षित पशु बधस्थल व्यवस्थापन, लगायत कार्यक्रमको लागि बजेट प्रस्ताव गरेको छु ।

३. नगरभित्र आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सु-सूचित गर्नका लागि पर्यटकीय संकेत चिन्ह, धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थलहरुको विकास, संरक्षण र संवर्द्धनका लागि कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु ।

४. संघीय र प्रदेश सरकारसँगको साझेदारीमा गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम, कृषि, पशु, पर्यटन, सहकारी, डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण एवं प्रवर्द्धन कार्यक्रम संचालन गर्न बजेट बिनियोजन गरिएको छ ।

५. राष्ट्रिय रोजगार कार्यक्रम संचालन गर्न संघ सरकार बाट शसर्त अनुदानमा प्राप्त भएको बजेटमा नगरपालिकाको शत प्रतिशत साझेदारी गर्ने गरी बजेट विनियोजन गरेको छु ।

६. आर्थिक विकास तर्फ कृषि,पशु,उद्योग तथा वाणिज्य,पर्यटन, सहकारी,वित्तीय क्षेत्र, रोजगारी लगायतका कार्यक्रमका लागि  कुल रु. ३ करोड १५ लाख ३७ हजार ६ सय विनियोजन गरेको छु ।

## ख) सामाजिक विकास क्षेत्र

७. नगर प्रमुखसँग लोपोन्मुख तथा अल्पसंख्यक जाति, गन्धर्व, माझी, बोटे, कुमाल, 'ग' वर्गका अपांगता भएका व्यक्ति, नगर सरसफाई केन्द्रका सरसफाईकर्मी, महिला स्वयंसेविका लगायत विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा लगायत सामाजिक संरक्षणका कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

८. आर्थिक रुपमा अति विपन्न नगरबासीलाई सहायता उपलब्ध गराउन नगर-प्रमुखसँग खाना नाना र छाना कार्यक्रम अन्तर्गत विपन्न घर परिवारलाई खाद्यान्न सहयोग, शौचालय निर्माण र छाना निर्माणमा सहयोगका लागि बजेट विनियोजन गरिएको छ ।

९. जेष्ठ नागरिकहरुको स्वास्थ्य सुरक्षा र संवेदनशीलतालाई ध्यानमा राखी नियमित रुपमा निशुल्क जाँच तथा निःशुल्क औषधी वितरण गर्ने तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

१०. उप प्रमुखसँग महिला बालबालिका कार्यक्रम, सुत्केरी आमा पोषिलो खाना कार्यक्रम, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग, निःशुल्क स्वास्थ्य शिविर लगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

११. उप-प्रमुखसँग एकल महिला, नगर महिला सञ्जाल, अपाङ्गता भएका व्यक्ति र अन्य लक्षित वर्गको क्षमता विकास, सचेतना तथा अभिमुखीकरण र आय आर्जन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

१२. उप-प्रमुखसंग अति अशक्त अपाङ्ग स्याहार सुसार सहयोगको निरन्तरता, बालकल्याण कोष व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु।

१३. लैंगिक हिंसा पीडित राहत कोष व्यवस्थापन तथा लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम डिजिटल एआई अनलाईन मार्केटिङ लगायतका उद्यमशीलता तालिम कार्यक्रम संचालनको प्रबन्ध गरिएको छ।

१४. राष्ट्रिय मापदण्ड अनुरुप कक्षा ५ र ८ को परीक्षा व्यवस्थापनमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट शुल्क नलिई उनीहरुलाई समेत सामुदायिक विद्यालयका विद्यार्थी सरह प्रश्नपत्र उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

१५. प्रारम्भिक वालविकास सहजकर्ता, विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत विद्यालय कर्मचारीहरुको लागि संघ सरकारबाट प्राप्त हुने  रकममा नगरपालिकाको समेत साझेदारी हुने गरी तलब अनुदानको व्यवस्था मिलाएको छु ।

१६. वालविकास देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको लागि नेपाल सरकारले उपलव्ध गराउने खाजा रकममा प्रति विद्यार्थी रु. ५ थप गर्ने कार्यक्रमको निरन्तरताको लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

१७. प्राविधिक शिक्षा पढ्ने विद्यार्थीको लागि छात्रवृत्ति अनुदान कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट व्यवस्था गरेको छु ।

१८. नगरभित्र संचालनमा रहेका गुरुकुल आश्रम, बहिरा विद्यालय र मदर्साहरुका लागि प्रस्तावका आधारमा अनुदान उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु।

१९. महामारी रोग नियन्त्रण कार्यक्रम, मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम, समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ्ग तथा जनचेतना कार्यक्रम सञ्चालन र लक्षित जनसंख्यामा आधारित औषधी सेवन लगायतका स्वास्थ्य कार्यक्रममा बजेट विनियोजन गरिएको छ।

२०. क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरु,"म स्वस्थ मेरो समुदाय स्वस्थ" घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम तथा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधी उपचार खर्च बापत उपलब्ध गराइने रकमका लागि बजेट व्यवस्थापन गरिएको छ।

२१. प्रजनन् रुग्णता स्वास्थ्य सेवा, परिवार योजना सेवा, किशोर किशोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम, विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी सम्बन्धी कार्यक्रम संचालनको व्यवस्था मिलाइएको छ।

२२. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता, मेयर कप खेलकुद प्रतियोगिता, मेयरसँग खेलकुद प्रवर्द्धन, लगायतका युवा तथा खेलकुद कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

२३. सामाजिक सुरक्षा कार्यक्रमतर्फ जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित, जेष्ठ नागरिक तथा बाल पोषण भत्ताका लागि संघीय सरकारवाट अन्तरसरकारी रकम प्राप्त हुने भएकोले सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु।

२४. समग्र सामाजिक विकास क्षेत्रका शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायतका कार्यक्रम संचालन गर्न कुल रु. ४४ करोड ४६ लाख ३८ हजार बिनियोजन गरेको छु ।

### ग)पूर्वाधार विकास तर्फ :

२५. संघ सरकारसँग समपुरक साझेदारीमा संचालन हुने गरी स्वीकृत भएको नयाँबजार पौवै हटिया सडकमा रु. ७० लाख विनियोजन भई आएकोमा संघ सरकारकसँग समपुरक साझेदारीका लागि नगरपालिकाबाट रु.१ करोड ५ लाख विनियोजन गरेको छु।

२६. संघ सरकारसँग समपुरक साझेदारीमा संचालन हुने गरी स्वीकृत भएको बहुवर्षीय आयोजना **आमडाँडा, वडा नं १४ को वडा कार्यालय हुँदै सतउ मैदान सडक** स्तरोन्नतिका लागि संघीय सरकारबाट १ करोड ८९ लाख प्राप्त भएकोमा नगरपालिकाबाट समपुरक साझेदारी हुने गरी **रु २ करोड ८३ लाख ५० हजार विनियोजन** गरेको छु।

२७. गण्डकी प्रदेश सरकारको समपुरक साझेदारीमा संचालन हुने गरी स्वीकृत भएको **मायाटारी पोखरीचौर बेलवास सडक स्तरोन्नतिका लागि प्रदेश सरकार** बाट प्राप्त भएको रु. **५५ लाख ३७** हजारमा नगरपालिकाको समेत शत प्रतिशत साझेदारी हुने गरी बजेट विनियोजन गरेको छु।

२८. वडा नम्बर ४ को वडा कार्यालय भवन निमार्णमा गण्डकी प्रदेशसँग साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. वडाका विभिन्न सरोकारवालाहरुको सहभागितामा छनौट भई वडा समितिद्वारा पेश गरिएका योजना तथा कार्यक्रम संचालनका लागि बजेट विनियोजन गरेको छु ।

३०. आकस्मिक रुपमा मर्मत सम्भार गर्नुपर्ने विभिन्न सडक तथा अन्य संरचनाहरुको मर्मत सम्भार गरी नियमित संचालनमा ल्याउन बजेटको व्यवस्था मिलाएको छु।

३१. नगरक्षेत्र भित्र सुरक्षित बजार विकासका लागि सडक बत्ती जडान, सिसिटिभी जडान, सडक संकेत चिन्ह डिजाइन, निर्माण तथा जडान कार्यका लागि कुल रु. **७० लाख** विनियोजन गरिएको छ ।

३२. भौतिक पूर्वाधार विकासतर्फ सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, संचार, उर्जा लगायतका योजनाका लागि कुल रु. **२५ करोड ८ लाख १० हजार ८ सय** विनियोजन गरेको छु।

३३. हामीले अधिकतम प्रयास गर्दागर्दै पनि नगरपालिकाको स्रोत साधन न्यूतनताका कारण नगरबासीका असीमित मागलाई पूर्ण रुपमा सम्बोधन गर्न निकै कठिनाई भएको हामीलाई महसुस भएको छ। प्राविधिक लागत अनुमान अनुसार आयोजना सम्पन्न गर्न आवश्यक बजेट क्रमशः व्यवस्थापन हुने गरी बहुवर्षीय आयोजनाका रुपमा वडा नम्बर ६ को ढाडखेल्ने देखि काउले ४.६ मोटरबाटो निर्माण, वडा नम्बर ९ को नाम्चेदेखि तल्लो काल्खुसम्म जाने मोटरबाटो बाँकी खण्ड सम्पन्न गर्न तथा वडा नम्बर १३ को नुवार भञ्याङ बैलुम बोडिखोला मोटरबाटो स्तरोन्नतिका लागि क्रमशः ५०-५० लाखका दरले १ करोड ५० लाख प्रस्ताव गरेको छु।

## घ)संस्थागत क्षमता विकास तथा सेवा प्रवाह :

३४. नागरिकको प्रत्यक्ष संलग्नता रहने सुशासनका औजारहरु सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नगरपालिकाको सेवा प्रवाह सम्बन्धमा नागरिकलाई जानकारी दिने र नागरिकको गुनासो सुन्न गरिने सार्वजनिक सुनुवाई लगायतका लागि बजेट व्यवस्था गरेको छु।

३५. नगरपालिका भित्रका करदाताहरुलाई करसम्बन्धी सचेतना अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु।

३६. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन लागि बजेट व्यवस्था गरिएको छ।

३७. रोजगार प्रवर्द्धन कार्यक्रम (सामी परियोजना) का कर्मचारी, एक गाउँ एक प्राविधिक कार्यक्रमका कर्मचारी, सूचना प्रविधि अधिकृत, न्यायिक सहजकर्ता, पंजीकरण कार्यक्रमतर्फ

एम. आइ.एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिकका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा नपुग हुने रकम नगरपालिकाबाट साझेदारी गरिनेछ।

३८. नगरपालिकाको आन्तरिक स्रोतमा अपेक्षाकृत वृद्धि हुन नसकेको अवस्थाले गर्दा नगरपालिकाको आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी हुने सबै सेवा करार कर्मचारीको तलबमानमा दश प्रतिशत वृद्धि हुने प्रबन्ध मिलाएको छु।

३९. संस्थागत क्षमता विकास तथा सेवा प्रवाह अन्तर्गत संस्थागत क्षमता विकास, मानव संसाधन विकास, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, राजश्व परिचालन, वित्तीय जोखिम न्यूनीकरण, सूचना प्रविधि, शुसासन प्रवर्द्धन, अनुसन्धान तथा विकास, सुरक्षा व्यवस्था, पंजीकरण, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, लगायतका क्षेत्रमा कुल रु. २० करोड ४६ लाख ७२ हजार विनियोजन गरेको छु ।

**ङ) वन वातावरण सरसफाई तथा विपद् व्यवस्थापनः**

४०. संघीय सरकारको विशेष अनुदानतर्फ प्राप्त रु.१ करोड २५ लाखबाट मालेबगर कभर्ड हल, खेलमैदान, फोहोर मैला केन्द्र, बधशाला संरक्षणका लागि नहर व्यवस्थापनको कामलाई निरन्तरता दिइनेछ।

४१. विपद् जोखिमको कारणले भएको जनधनको क्षतिमा तत्काल राहत उपलब्ध गराउन वडा स्तरीय विपद् समितिको सिफारिसमा राहत उपलब्ध गराउन विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी बजेट विनियोजन गरेको छु।

४२. वन वातारण तथा विपद् व्यवस्थापन अन्तर्गत वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, वातावरण संरक्षण, फोहर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापनका लागि **रु. ३ करोड ६५ लाख** ८ हजार बजेट व्यवस्था गरेको छु।

४३. आर्थिक वर्ष २०८३/८४ को लागि चालु खर्च तर्फ **रु. ६६ करोड २० लाख ४७ हजार ६ सय** अर्थात ६८.४४ प्रतिशत र पूँजीगत खर्च तर्फ **रु. ३० करोड ५२ लाख ६८ हजार ८ सय** अर्थात **३१.५६** प्रतिशत गरी जम्मा **रु. ९६ करोड ७३ लाख १६ हजार ४ सय** बजेट प्रस्ताव गरिएको छ ।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु**

नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र आन्तरिक आयको दायरा फराकिलो बनाई राजस्व वृद्धि गर्न सकेमा वित्तीय स्रोतमा आत्मनिर्भरता बढ्दै जाने देखिए तापनि स्थानीय सरकार नागरिकको घरदैलोको सरकार भएको र नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकोले कर राजस्वको वृद्धिले नगरवासीमा सरकारप्रतिको विश्वास कमजोर देखिने एवम् नागरिकमा नकारात्मक असर पर्ने

हुँदा सम्पत्ति कर, सिफारिस दस्तुर लगायतका करका दरहरु अपेक्षाकृत रुपमा वृद्धि गर्न सकिएको छैन। आन्तरिक राजस्व सुदृढीकरणको लागि राजस्व सुधार योजना अनुरुप राजस्व प्रणाली र राजस्व प्रशासनमा क्रमशः सुधार गर्दै लगिनेछ। नगरपालिकाले व्यवसाय कर, सम्पत्ति कर, घर बहाल कर लगायतका करका महत्वपूर्ण श्रोतहरुको असुली तथा उपयोगको लागि कार्यविधि बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ। तहगत सरकारहरु एक अर्कामा वित्तीय स्रोतमा निर्भर हुनुपर्ने संवैधानिक तथा कानुनी प्रावधानको अनुसरण गर्दै प्रस्तावित योजना तथा कार्यक्रम सम्पन्न गर्न नगरपालिका प्रतिबद्ध रहनेछ। संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा आन्तरिक स्रोतको अपेक्षाकृत प्राप्तिका लागि हामी सबैको निरन्तर प्रयास रहनेछ। यसका लागि सरोकारवाला सबै पक्षको सहकार्य, समन्वय र सामुहिक प्रतिवद्धता अपरिहार्य छ। यदि सबैको सहयोग जुटेमा नगरपालिकाले लिएको समृद्धिको लक्ष्य हासिल हुनेछ भन्नेमा म विश्वस्त छु।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि राजस्व संकलन र विनियोजनलाई व्यवस्थित गर्न बनेको आर्थिक विधेयक,२०८३ र विनियोजन विधेयक,२०८३ यसै साथ प्रस्तुत गरेको छु। प्रस्तावित आय व्ययको विस्तृत विवरण र अनूसुचीमा समावेश गरिएको छ।

**अन्त्यमा,**

बजेट तर्जुमाको सिलसिलामा मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगरप्रमुख सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु तथा आ-आफ्नो क्षेत्रबाट राय, सल्लाह, सुझाव दिई सहयोग गर्नुहुने राजनीतिक दलका नेतृत्वगणहरु, माननीयज्यूहरु, विद्वत वर्ग, निजी क्षेत्र, टोल विकास संस्था, संचार जगत, नागरिक समाज, आम नगरबासी सबैमा हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत बजेटले नगरपालिकाको आर्थिक र सामाजिक रूपान्तरणमा सहयोग गर्नेछ भन्नेमा पूर्ण रूपमा विश्वस्त छु।

प्रस्तावित बजेट कार्यान्वयनमा सरोकारवाला सम्पूर्ण पक्षबाट सदैव सकारात्मक सहयोग र समर्थन मिल्ने अपेक्षाका साथ प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट थप रचनात्मक सुझाव दिनुहुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद !**